# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प.सं.:०७५/०७६
च.नं.: २८०६

**आन्तरिक आय तर्फको पुनः शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना**
**(दोस्रो पटक प्रकाशित मिति २०७५/१०/०७)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२), घ (६) मा भएको व्यवस्था, भरतपुर महानगरपालिकाको खानी तथा नदीजन्य पदार्थ सङ्कलन, उपयोग र विक्री वितरण सम्वन्धी कार्यविधी, २०७५, प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदन, ३ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (संशोधन समेत) मा भएको व्यवस्था तथा ३ नं. प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयवाट प्रेसित मिति २०७५/०९/२५, च.नं. ४९७ को पत्र तथा प्रदेश सरकारवाट जारी नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ बमोजिम भरतपुर महानगर अन्तर्गतका देहाय बमोजिमका नदी तथा खोलाबाट तोकिएको शर्तमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि) सङ्कलन, उपयोग र विक्री वितरण गर्ने सम्वन्धी कार्य आ.व. २०७५/०७६ का लागि दोस्रो पटक शिलवन्दी बोलपत्र मार्फत ठेक्का वन्दोबस्त गराउन यो सूचना प्रकाशित गरिएको छ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र (मिति २०७५/१०/२१) ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७४/०७५ को करचुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु संलग्न गरी प्रत्येक ठेक्काको रु. ३०००।– (तीन हजार) नगदै तिरी (पछि फिर्ता नहुने गरी) निवेदन पेश गरेमा यस कार्यालयवाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।
२. साथै E-Tender पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ।
३. तोकिएको बोलपत्र फाराम खरिद दस्तुर यस कार्यालयको राजस्व शाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा.बैंक, भरतपुरस्थित हि.नं. ग-३ १३१०३०३००७१०२ मा जम्मा गरेको भौचर बोलपत्र कागजात साथ upload गर्नुपर्नेछ।
४. बोलपत्रदाताले खरिद गरेको बोलपत्र फारम शिलवन्दी लाहाछाप लगाई छुट्टा छुट्टै गरी यस कार्यालयमा १६ औं दिन (मिति २०७५/१०/२२) को १२ वजेसम्म दर्ता गर्नुपर्नेछ। सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधी रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन।
५. आफूले कबोल गरेको अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा.वा.बैक, भरतपुरस्थित हि.नं. ग-३ १३१०३०३००७१०२ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर, नगदै वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" श्रेणीको कुनै वाणिज्य बैंकको कम्तिमा १२० (एक सय विस) दिन मान्य अवधि भएको यस कार्यालयको नाममा जारी विड बण्ड संलग्न गरी खाम बाहिर कुन ठेक्काको लागि पेश गरेको, सो प्रष्ट खुलाई शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।
६. ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको सम्बन्धित प्राविधिक समितिबाट तोकिएको चौहद्दीबाट प्रति घन फिट रु.९।- (नौ रुपैंया)(भ्याट बाहेक) का दरले विक्री गर्नुपर्ने गरी संकलन तथा विक्री शुल्क तोकिएको छ। साथै तोकेको दर भन्दा बढी दरमा कर उठाउन र यस सूचनामा उल्लेख नभएका मालबस्तुमा कर उठाउन पाउने छैन।
७. ठेक्का बन्दोवस्तका लागि उल्लेख भएका खोलानालाको अवस्थाको सन्दर्भमा बोलपत्रदाताले स्थलगत भ्रमण गरी जाँची बुझी पेश गरेको मानिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

Scanned by CamScanner

८. कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। बोलपत्र दिदा कुनै किसिमको शर्तनामा मान्य हुनेछैन साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९. अन्य विस्तुत जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न वा यस कार्यालयको website: www.bmc@ntc.net.np मा समेत हेर्न सकिनेछ।

१०. अन्य शर्त सम्बन्धमा विस्तृतरुपमा बोलपत्र सम्बन्धि कागजात (Bid document) उल्लेख गरिएको छ।

## आन्तरिक आय ठेक्का विवरण

| आय ठे.नं. | खोलाको नाम तथा कामको विवरण | संकलन उत्खनन् गर्न पाउने अधिकतम वार्षिक परिमाण (घ.मी.) | आ.व २०७५/०७६ को लागि न्यूनतम अंक मुल्य अभिवृद्धि कर बाहेक बिक्री शुल्क । |
|---|---|---|---|
| BRMSI/075-076/01 | नारायणी नदीको बगर क्षेत्र ( ज्ञानेश्वर सामुदायिक वनको तटिय क्षेत्र अन्तर्गत पर्ने मझुवा, तारेभिर क्षेत्र IEE मा तोकिए बमोजिम) बाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य | ६७५०० | रु. १,८२,१७,७१०।- |
| BRMSI/075-076/02 | नारायणी नदीको बगर क्षेत्र अन्तर्गत सिद्धि गणेश सामुदायिक वन अन्तर्गत नारायणी नदी वारी बिचको मझुवा क्षेत्र, सेतीदेवी सामुदायिक वन तथा नारायणी नदीको तटिय क्षेत्र (IEE मा तोकिए बमोजिम) बाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य | ६७५०० | रु. १,८२,१७,७१०।- |
| BRMSI/075-076/03 | भरतपुर महानगरपालिका वडा नं. २९ अन्तर्गत रिम्दी खोला(भरतपुर महानगरको क्षेत्र, त्रिशुली नदीको क्षेत्र, नारायणगढ मुग्लिन सडक निर्माण आयोजनाले अस्थायी रुपमा क्रसर राखेको भोर्ले क्षेत्र, गाईघाट क्षेत्र, पन्ध्र किलो क्षेत्र, जुगेडी खोला र कविलास क्षेत्रका खहरे खोला समेतका आसपासका क्षेत्रहरु) (IEE मा तोकिए बमोजिम) बाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य | ६७५०० | रु. १,८२,१७,७१०।- |
| BRMSI/075-076/04 | भरतपुर महानगरपालिका वडा नं. १ ठिमुरा अन्तर्गत त्रिशुली नदीको बगर क्षेत्र, ठिमुरा रिसोर्ट र चेपाङ्ग गाउँको तल्लो तटिय क्षेत्र र खोलाको बगर क्षेत्र(IEE मा तोकिए बमोजिम) बाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य | ६७५०० | रु. १,८२,१७,७१०।- |
| BRMSI/075-076/05 | भरतपुर महानगरपालिका अन्तर्गत खगेरी खोला हरिपुर चौकीदेखि पुर्व उत्तर दोभानसम्मको बगर क्षेत्र, हरिपुर चौकीदेखि थाङ्ग खोला(कामिनी घाटसम्मको बगर क्षेत्र), थाङ्ग खोला कालिका नगरपालिका भित्रिने सिमा क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान लगायतको बिक्री कर संकलन कार्य | ६७५०० | रु. १,८२,१७,७१०।- |

...........................
(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner